# नेपाल राष्ट्र बैंक
# विराटनगर कार्यालय

## सवारी साधन लिलामको सिलबन्दी बोलपत्र आव्हानको सूचना
### (दोस्रो पटक प्रकाशित मितिः २०८०/०६/१८)

यस कार्यालयका देहाय बमोजिमका पुराना सवारी साधनहरु जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति वा फर्महरुबाट दोस्रो पटक सूचना प्रकाशित भएको मितिले ८(आठ) दिनभित्र बोलपत्र फाराम खरिद गरी ९औं दिनको ११:३० बजेभित्र (उक्त दिन विदा परेमा कार्यालय खुलेको पहिलो दिन) सिलवन्दी बोलपत्र देहायको शर्तहरुको अधिनमा रही पेश गर्न आव्हान गरिएको छ ।

| समूह | लिलाम हुने सामानको | न्यूनतम मूल्य (रु.) |
|---|---|---|
| | **सवारी साधनः** | |
| १ | *जीप (बा.९ च ७३७७)* | रु.६,६९,९९७।९५ |
| | **अक्षरेपीः छ लाख उन्सत्तरी हजार नौ सय सन्तानब्बे पैसा पन्चानब्बे मात्र ।** | |
| २ | *मोटरसाइकल (को.३ प ३९७८)* | रु.४,९५०।- |
| | **अक्षरेपीः चार हजार नौ सय पचास मात्र ।** | |

१. सिलबन्दी बोलपत्र मिति २०८० असोज २६ गते दिनको १२:०० बजे (उक्त दिन विदा परेमा कार्यालय खुलेको पहिलो दिन) यस कार्यालयमा खोलिनेछ ।

२. बोलपत्रसाथ कबोल गरेको रकमको ५ (पाँच) प्रतिशतले हुनआउने रकम बराबर यस कार्यालयको सण्ड्री क्रेडिटर्स (धरौटी) हिसाव (१५०९९९९.०११.००३.५२४) मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनु पर्नेछ ।

३. लिलाम सम्बन्धी बोलपत्र स्वीकृत भएको जानकारी दिएको मितिले तीन दिन भित्र सम्झौता गर्नुपर्नेछ । अन्यथा बोलपत्र रद्द गरी धरौटी वापत जम्मा गरेको रकम जफत गर्न सकिनेछ ।

४. समुह १ (सवारी साधन-जीप) को बोलपत्र फाराम रु.७००।- (फिर्ता नहुने गरी) र समूह २ (सवारी साधन-मोटरसाइकल) को बोलपत्र फाराम रु.५००।- (फिर्ता नहुने गरी) बुझाई यस कार्यालयको आन्तरिक प्रशासन फाँटबाट लिन सकिनेछ ।

५. लिलाम हुने सवारी साधनको विवरण तथा सोको न्यूनतम मूल्य यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ । लिलाम हुने सवारी साधनहरु हेर्न र बुझ्न चाहेमा यस कार्यालयको आन्तरिक प्रशासन फाँटमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

६. लिलाममा भाग लिने इच्छुक व्यक्तिले नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी वा आफ्नो परिचय खुल्ने प्रमाणित कागजात र इच्छुक फर्म वा कम्पनीले आफ्नो इजाजतपत्र तथा फर्म वा कम्पनी दर्ता प्रमाणपत्र (नविकरण गरेको), स्थायी लेखा नम्वर लिएको वा मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।

७. यो सूचना उद्घोष दैनिक पत्रिकामा पनि हेर्न सकिनेछ ।

८. माथि तालिकामा लेखिएका प्रत्येक समूहको लागि छुट्टा छुट्टै बोलपत्र पेश गर्नु पर्नेछ ।

९. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरेबमोजिम हुनेछ ।

**निर्देशक**